# प्रज्ञापनपत्र पुनरावलोकन निर्देशिका, २०७३

निर्देशिका लागू हुने मिति : २०७३। ०४।०१

**मालवस्तु जाँचपास गर्ने प्रयोजनका लागि प्रज्ञापनपत्र तथा सोसाथ पेश भएका कागजातहरुको पुनरावलोकन गरी भन्सार ऐन वा प्रचलित कानुनको परिपालना भए नभएको सुनिश्चित गर्न तथा वुझाउनु पर्ने महशुल रकम छुट भए नभएको परीक्षण गरी भन्सार कार्यालयबाट मालवस्तु जाँचपासको अवस्थामा हुन सक्ने राजस्व जोखिमलाई न्यूनीकरण गर्न भन्सार ऐन, २०६४ को दफा ९३ ले दिएको अधिकार प्रयोग गरी भन्सार विभागले यो निर्देशिका बनाई जारी गरेको छ।**

१. **नाम तथा प्रारम्भ** : (१) यो निर्देशिकाको नाम **"प्रज्ञापनपत्र पुनरावलोकन निर्देशिका, २०७३"** रहेको छ।

(२) यो निर्देशिका विभागले तोकेको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा** :- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,–

(क) **"ऐन"** भन्नाले भन्सार ऐन, २०६४ सम्झनु पर्दछ।

(ख) **"कार्यालय"** भन्नाले भन्सार कार्यालय सम्झनु पर्दछ।

(ग) **"कार्यालय प्रमुख"** भन्नाले भन्सार कार्यालयको प्रमुख सम्झनु पर्दछ।

**(घ)** **"नियमावली"** भन्नाले भन्सार नियमावली, २०६४ सम्झनु पर्दछ।

(ङ) **"प्रज्ञापनपत्र पुनरावलोकन"** भन्नाले ऐनको दफा ७० बमोजिम पुनरावलोकन गर्ने कार्य सम्झनु पर्दछ।

**(च)** **"महानिर्देशक"** भन्नाले विभागको महानिर्देशक सम्झनु पर्दछ।

**(छ)** **"मूल्याङ्कन निर्देशिका"** भन्नाले भन्सार मूल्याङ्कन निर्देशिका, **२०६८** सम्झनु पर्दछ।

**(ज)** **"विभाग"** भन्नाले भन्सार विभाग सम्झनु पर्दछ।

३. **जिम्मेवारी तोक्नु पर्ने**- (१) कार्यालयवाट जांचपास भएका मालवस्तुको प्रज्ञापनपत्रको पुनरावलोकन गर्ने प्रयोजनका लागि कार्यालय प्रमुखले सकेसम्म त्यस्तो मालवस्तुको जाँचपासमा संलग्न नभएका कर्मचारी तोक्नु पर्नेछ।

(२) उपदफा (१) वमोजिमको तोकिएको कर्मचारीले जाँचपास भएका प्रज्ञापनपत्रहरुलाई ऐनको दफा ७० वमोजिम पुनरावलोकन गर्ने छ।

## भन्सार ऐन, २०६४ को दफा ७०:

७०. **पुनरावलोकन गर्न सक्ने** : (१) भन्सार कार्यालयबाट जाँचपास भएको मालवस्तुको प्रज्ञापनपत्र मालवस्तु जाँचपास भएको मितिले चार वर्षभित्र सम्बन्धित भन्सार अधिकृत वा निजले खटाएको कर्मचारीले पुनरावलोकन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनरावलोकन गर्दा असुल गर्नुपर्ने महसुल असुल गर्न छुट भएको देखिएमा त्यस्तो मालवस्तुको धनीबाट त्यसरी छुट भएको महसुल सरकारी बाँकी सरह असुलउपर गरिनेछ ।

(३) उपदफा (२) वमोजिमको पुनरावलोकन गर्दा सामान्यतया: मालवस्तु जाँचपास भएको भोलिपल्ट गर्नु पर्दछ । तर पछि कुनै माध्यमबाट असुल गर्नुपर्ने महसुल रकम छुट भएको सूचना वा जानकारी प्राप्त भएको अवस्थामा ऐनको दफा ७० को उपदफा(१) वमोजिम मालवस्तु जांचपास भएको मितिले चारवर्षभित्र पुनरावलोकन गर्न सकिनेछ ।

(४) पुनरावलोकन गरिएका सम्पूर्ण प्रज्ञापनपत्र तथा उक्त जांचवाट कुनै कैफियत देखिएमा सो समेतको विवरणको अभिलेख अनुसूची– १ अनुसारको ढाँचामा राख्नु पर्नेछ ।

(५) पुनरावलोकन गर्दा कुनै निकासीकर्ता वा पैठारीकर्ताले भन्सार कार्यालयमा वुझाउनु पर्ने महसुल, जरिवाना, वा अन्य कुनै रकम गणितीय भूल वा अन्य कुनै कारणले छुट भएको पाइएमा वा कुनै मालवस्तुको मुल्याङ्कन वा वर्गीकरणमा फरक परेको कारणवाट महसुल छुट भएको देखिएमा यसरी छुट भएको कारण खोली महसुल दाखिला गर्न सम्वन्धित निकासीकर्ता वा पैठारीकर्ता वा निजको भन्सार एजेन्टलाई अविलम्व अनुसूची– २ वमोजिमको ढाँचामा लिखित सूचना दिनु पर्नेछ ।

(६) उपदफा (५) वमोजिम सूचना पाएको व्यक्तिले सूचना पाएको १५ दिन भित्र त्यस्तो रकम दाखिला नगरेमा वा त्यस्तो रकम तिर्नु वुझाउनु नपर्ने प्रमाण पेश नगरेमा वा त्यस्तो रकम वुझाउन नपर्ने सम्वन्धमा पेश गरेको प्रमाण मनासिव नभएमा नियमावलीको नियम ५७ वमोजिमको कारवाहि गर्नुपर्ने छ ।

## भन्सार नियमावली २०६४ को नियम ५७

५७. **जरिवाना वा छुट रकम असुल गर्ने सम्बन्धी कार्यविधि:**

(१) भन्सार कार्यालयमा निकासीकर्ता वा पैठारीकर्ताले तिर्नु वुझाउनु पर्ने महसुल गणितीय भूलबाट वा वस्तु वर्गीकरण शीर्षक वा उपशीर्षक फरक परेर वा अन्य कुनै कारणले छुट भएको पछि देखिएमा वा निजले बुझाउनुपर्ने कुनै जरिवानाको रकम बुझाउन बांकी भएमा भन्सार अधिकृतले त्यस्तो जानकारी पाएपछि जरिवाना वा छुट भएको महसुल दाखिला गर्न सम्बन्धित निकासीकर्ता वा पैठारीकर्ता वा निजको भन्सार एजेन्टलाई अबिलम्ब लिखित सूचना दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सूचना प्राप्त गर्ने व्यक्तिले यस्तो सूचना पाएको पन्ध्र दिनभित्र त्यस्तो रकम भन्सार कार्यालयमा बुझाउनु पर्नेछ । त्यस्तो रकम तिर्न बुझाउन नपर्ने वा पहिले नै बुझाइसकेको भए सोही व्यहोराको जानकारी र सोको वस्तुगत आधार प्रमाणसमेत सूचना पाएको पन्ध्र दिनभित्र भन्सार अधिकृतसमक्ष पेश गर्नुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम रकम तिर्न बुझाउन नपर्ने वा पहिले नै बुझाइसकेको जानकारी प्रमाणसहित प्राप्त भएमा भन्सार अधिकृतले जाँचबुझ गरी व्यहोरा सत्य भएमा त्यस्तो रकम तिर्न नपर्ने जानकारी निवेदकलाई गराउने छ र निवेदकको व्यहोरा र प्राप्त प्रमाण मनासिव नभएमा उक्त रकम दाखिला गर्न पुनः सात दिनको म्याद दिई सूचना गर्नुपर्नेछ । यस्तो सूचना पाएपछि सम्बन्धित व्यक्तिले म्यादभित्र त्यस्तो रकम दाखिला गर्नुपर्नेछ । यसरी छुट भएको महसुल म्यादभित्र नबुझाउने व्यक्तिको जुनसुकै भन्सार कार्यालयबाट हुने कारोवार रोक्का गर्न वा जुनसुकै सरकारी कार्यालयमा रहेको निजको सम्पत्तिबाट असुलउपर गर्न सकिनेछ ।

(४) जरिवाना वा छुट महसुल बुझाउन यस नियम बमोजिम सम्बन्धित भन्सार एजेन्टलाई सूचना गरेकोमा निजले सो सूचना तुरुन्तै सम्बन्धित निकासीकर्ता वा पैठारीकर्तालाई उपलब्ध गराई निधारित म्यादभित्र त्यस्तो महसुल रकम दाखिला गर्नु गराउनु र त्यस्तो जरिवाना वा छुट महसुल असुल गर्ने प्रयोजनका लागि आवश्यक परेमा सम्बन्धित निकासीकर्ता वा पैठारीकर्तालाई भन्सार कार्यालयमा उपस्थित गराउन सहयोग गर्नु सो भन्सार एजेन्टको कर्तव्य हुनेछ ।

(५) उपनियम (३) बमोजिम जरिवाना वा छुट महसुल असुल हुन नसकेमा त्यस्तो बांकी रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

(६) कुनै निकासीकर्ता वा पैठारीकर्ताबाट छुट महसुल असुल गर्न बाँकी रहेकोमा यस नियमबमोजिम म्यादभित्र दाखिल नगरेको तथ्य जानकारी हुँदाहुँदै भन्सार कार्यालयको प्रमुखको आदेशबिना निजको मालवस्तु जाँचपास गर्ने भन्सार कर्मचारीलाई प्रचलित कानूनबमोजिम विभागीय सजाय हुनेछ ।

**(७)** राजस्व दाखिला भएपश्चात अभिलेखमा सो सम्वन्धी व्यहोरा खुलाई राख्नु पर्नेछ ।

**(८)** उपदफा (६) वमोजिमको म्यादभित्र पनि दाखिला गर्नु पर्ने छुट महसुल दाखिला नगर्ने निकासीकर्ता वा पैठारीकर्ताको कार्यालय प्रमुखले निरन्तर अनुगमन गरी दाखिला गर्न लगाउनु पर्नेछ ।

**(९)** छुट महसुल दाखिला नगर्ने निकासीकर्ता वा पैठारीकर्तालाई कार्यालय प्रमुखले उक्त रकम असुल गर्न आवश्यकता अनुसार निजको कारोवार रोक्का गर्ने लगायतका प्रकिया पूरा गरी त्यस्तो छुट रकम सरकारी वाँकी सरह असुल उपर गर्नु पर्नेछ ।

(१०) कार्यालय प्रमुखले प्रज्ञापनपत्र पुनरावलोकन गर्दा औंल्याइएका त्रुटि तथा कैफियतहरु पुनः नदोहोरिने गरी अविलम्व सच्याउन सवै कर्मचारीहरु एवं भन्सार एजेन्टहरुलाई जानकारी गराउनु पर्नेछ ।

४. **<u>पुनरावलोकन गर्नु पर्ने कागजात:</u>** प्रज्ञापन पत्र पुनरावलोकन गर्दा नियमावलीको नियम २१ वमोजिम प्रज्ञापनपत्र साथ पेश गर्नु पर्ने कागजातहरु समेत पुनरावलोकन गर्नुपर्नेछ ।

## <u>भन्सार नियमावली २०६४ को नियम २१</u>

**२१. <u>प्रज्ञापनपत्रसाथ संलग्न गर्नु पर्ने कागजात:</u>**

(१) ऐनको दफा १८ बमोजिम मालवस्तु निकासी वा पैठारी गर्ने व्यक्तिले प्रज्ञापनपत्र भरी सम्बन्धित क्षेत्रको भन्सार अधिकृतसमक्ष पेश गर्दा देहायका कागजात संलग्न गर्नु पर्नेछ :-

**(क) तेस्रो मुलुकबाट मालवस्तु पैठारी गर्दा,-** (१) भुक्तानी प्रक्रियासम्बन्धी बैङ्किङ कागजात, (२) बीजक (इन्भ्वाइस), (३) प्याकिङ्ग लिष्ट, (४) बिल अफ लेडिङ्ग वा एयरवे बिल, (५) उत्पत्तिको प्रमाणपत्र, (६) विदेशी विनिमय नियन्त्रण (वि.वि.नि.) फाराम, (७) भारतमा ट्रान्जिट भई पैठारी गरिने मालवस्तुको हकमा भन्सार पारवहनसम्बन्धी कागजात, (८) हवाई मार्गबाट पैठारी हुनेमा सम्बन्धित एयरलाइन्सको डेलिभरी अर्डर, (९) भन्सार कार्यालयमा कुनै टर्मिनल सञ्चालक भएकोमा त्यस्तो टर्मिनल सञ्चालकले जारी गरेको डेलिभरी अर्डर, (१०) प्रचलित कानूनबमोजिम सम्बन्धित निकायको कुनै सिफारिस, इजाजत वा प्रमाणपत्र चाहिनेमा तत्सम्बन्धी कागजात ।

**(ख) भारतबाट मालवस्तु पैठारी गर्दा,-** (१) बीजक (इन्भ्वाइस), (२) प्याकिङ्ग लिष्ट, (३) प्रचलित कानूनबमोजिम सम्बन्धित निकायको कुनै सिफारिस, इजाजत वा प्रमाणपत्र चाहिनेमा तत्सम्बन्धी कागजात, (४) इनबन्ड अन्तर्गत पैठारी गर्दा उपखण्ड (१), (२) र (३) का अतिरिक्त नेपाल इन्भ्वाइस (इनवण्ड फाराम), बि.वि.नि. फाराम, भुक्तानी प्रक्रिया सम्बन्धी बैङ्किङ कागजात र सोमा उल्लेख भएबमोजिमका कागजातहरु,

**<u>स्पष्टीकरण:</u>** यस खण्डको प्रयोजनको लागि "इनबन्ड" भन्नाले नेपाल राष्ट्र बैङ्कले तोकेको प्रक्रिया अनुसार परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी भारतबाट पैठारी गर्ने प्रक्रिया सम्झनु पर्छ ।

**(ग) निकासी गर्दा,-** (क) बीजक (इन्भ्वाइस), (ख) प्याकिङ्ग लिष्ट, (ग) उत्पत्तिको प्रमाणपत्र, (घ) तेस्रो मुलुकमा निकासी हुनेमा भुक्तानी प्रक्रिया सम्बन्धी बैङ्किङ कागजात, (ङ) प्रचलित कानूनबमोजिम सम्बन्धित निकायको कुनै सिफारिस, इजाजत वा प्रमाणपत्र चाहिनेमा तत्सम्बन्धी कागजात ।

"तर, जि.एस.पी. जारी भई निकासी हुनेको हकमा उत्पत्तिको प्रमाणपत्र वाध्यकारी हुनेछैन ।"

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै फर्म वा उद्योगले पहिलो पटक मालवस्तु निकासी वा पैठारी गर्न लागेको भए फर्मको हकमा फर्म दर्ताको प्रमाणपत्र, उद्योगको हकमा उद्योग दर्ताको प्रमाणपत्र र त्यस्तो फर्म वा उद्योगको स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि समेत पेश गर्नु पर्नेछ ।

५. **पुनरावलोकनको अभिलेख:** पुनरावलोकनको लागि तोकिएका कर्मचारीले आफूले पुनरावलोकन गरेको प्रज्ञापनपत्रहरुको अभिलेख अनुसूची- १ वमोजिमको ढाँचामा राख्नुपर्नेछ ।

६. **अभिलेख प्रमाणीत गरी राख्नु पर्ने** : दफा ५ वमोजिमको अभिलेखल पुनरावलोकन जाँच गर्ने सहायक कर्मचारी, भन्सार अधिकृत र प्रमुख भन्सार अधिकृतले आफ्नो नाम समेत उल्लेख गरी दस्तखत सहित प्रमाणीत गरी राख्नु पर्नेछ । पुनरावलोकन सम्वन्धी कार्यको प्रगति प्रतिवेदन प्रत्येक महिनाको सात गते भित्र विभागमा पठाउनु पर्नेछ ।

७. **प्रज्ञापनपत्रहरुको पुनरावलोकन गर्दा देहायका विषयहरुमा सुनिश्चितता गर्नु पर्नेछ** :

(१) प्रज्ञापनपत्रमा प्रविष्ट गर्नुपर्ने सम्पूर्ण विवरणहरु प्रविष्ट गरिएका छन्, छैनन् ? प्रविष्ट गरिएका विवरणहरु संलग्न कागजातहरुवाट पुष्टि हुन्छ, हुदैन ?

(२) मालवस्तुहरु निकासी वा पैठारी गर्दा कुनै निकायहरुको सिफारिश आवश्यक पर्ने भए त्यस्तो सिफारिश पेश गरिएको छ, छैन ?

(३) सौविध्य सुविधा दावी गरी पैठारी भएका मालवस्तुमा सौविध्य सुविधा प्रदान गर्दा तोकिए वमोजिमको उत्पत्तिको प्रमाणपत्र पेश गरिएको छ, छैन ?

(४) कुनै निकायको सिफारिशमा महसुल सुविधा पाउने अवस्थामा त्यस्तो निकायको सिफारिश पेश नगरिकन महशुल सुविधा लिएको छ कि ?

(५) मालवस्तुको घोषणा गर्दा एकल प्रविष्टि (single Entry) गरेको छ, छैन ?

(६) बीजकमा उल्लेखित परिवर्त्य विदेशी मुद्रा वमोजिम प्रज्ञापनपत्रमा घोषणा गरिएको रकम र नेपाल राष्ट्र वैंङ्कद्वारा उक्त दिनको लागि तोकिएको विनिमय दर मिल्छ, मिल्दैन ?

(७) प्रचलित आर्थिक ऐन वमोजिम लाग्ने सम्पूर्ण महसुल तोकिएको दर वमोजिम असुल गरिएको छ, छैन ?

(८) कार्यालयले कायम गरेको मूल्य वमोजिम महसुल असुल गरिएको छ, छैन ?

(९) वीजक एवं प्याकिङ्ग लिष्टमा उल्लेख भएवमोजिम मालवस्तुको विवरण एवं परिमाण प्रज्ञापनपत्रमा घोषणा गरिएको छ, छैन ?

(१०) वीजकमा उल्लेख भएको परिमाण, प्रति इकाई मूल्य तथा कुल मूल्यमा कुनै गणितीय त्रुटि छ, छैन ?

(११) मालवस्तुको नाम एवं प्रकृति अनुसार वस्तु वर्गीकरण उपशीर्षक ठीकसंग उल्लेख गरिएको छ, छैन ?

(१२) मालवस्तुको मूल्याङ्कन सही तरिकाले भए/नभएको र मूल्य हिसाव गर्दा सवै एकाईहरुको कुल जम्मा मिल्छ , मिल्दैन ?

(१३) वीजकमा कुनै नगद वा वस्तुगत छुट दिएको भए त्यस्तो छुट मूल्याङ्कन निर्देशिकाको दफा २१ङ. वमोजिम आपूर्तिकर्ताले सम्पूर्ण क्रेताहरुलाई समान रुपमा प्रदान गरेको छ, छैन ? सो तथ्य पुष्टि हुन नआएमा छुट दिएको अंश समेतलाई मूल्यमा जोड्नु पर्ने भएकोले जोडिएको छ, छैन ?

(१४) गलत घोषणा वा न्यून वीजकीकरण गरेकोमा जरिवाना गर्न छुटेको छ कि ?

(१५) भन्सार महसुल वा मूल्य अभिवृद्धि कर छुट दिएकोमा प्रचलित कानूनले त्यस्तो छुट प्रदान गरेको छ, छैन ? छुट नपाउनेलाई छुट दिइएको छ कि ?

(१६) पैठारीकर्ताले ऐन तथा नियमहरुको पूर्ण पालना गरेको छ, छैन ? ऐन वमोजिम थप महसुल वा जरिवाना असुल गर्नु पर्ने अवस्थामा त्यस्तो रकम असुल भएको छ, छैन ?

(१७) भन्सार विन्दुमा अधिकतम खुद्रा विक्री मूल्य घोषणा गर्नुपर्ने मालवस्तु पैठारी भएकोमा मूल्याङ्कन निर्देशिकामा तोकिएवमोजिम अधिकतम खुद्रा विक्री मूल्य प्रकाशन गरेको छ, छैन ?

**भन्सार मूल्याङ्कन निर्देशिका, २०६८ को दफा २१घ को व्यवस्था**

**२१घ.** सरकारले तोकेका अधिकतम खुद्रा बिक्री मूल्य (एम.आर.पी.) प्रकाशित गनुपर्ने मालवस्तुहरूको राष्ट्रियस्तरको दैनिक पत्रिकामा मूल्य सूची प्रकाशन गर्दा अनुसूची– ५ वमोजिमको ढांचामा प्रकाशन गर्नु पर्नेछ । यसरी प्रकाशित भएको मूल्य सूचीको विवरण मालवस्तु मूल्यांकन गर्दा साथै राख्नुपर्ने छ ।

**अनुसूची-५ दफा २१घ. संग सम्बन्धित**

अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना यस फर्म/कम्पनीले (देशको नाम) बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य निम्नबमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**तपसिल**

| सि.नं. | मालवस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडेल | क्षमता | उत्पत्तीको मूलुक | ईकाइ | प्रति ईकाइ मूल्य | अधिकतम खुद्रा विक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |

बिक्रेता फर्मको नाम :– . . . . . . .. स्थायी लेखा नं. :– . . . ..

ठेगाना :– . . . .. . फोन नं. :– . . . . . .

**नोट :-** १) यो सूचना नेपाली राष्ट्रिय दैनिकमा प्रकाशन गर्नुपर्नेछ । २) फन्ट साईज कम्तीमा नेपाली युनिकोडको १२ प्वाईन्ट वरावर हुनुपर्नेछ

**प्रचलित आर्थिक ऐन वमोजिम भन्सार विन्दुमा अधिकतम खुद्रा विक्री मूल्य घोषणा गर्नु पर्ने मालवस्तुहरुको सूची:**

| सि.नं. | वर्गीकरण उपशीर्षक | मालवस्तुको नाम |
|---|---|---|
| १. | ८५२८७२ ९० र ८५२८७३०० | सवै प्रकारका टेलिभिजन |
| २ | ८४१८२१०० देखि ८४१८५००० सम्म | रेफ्रीजीरेटर (घरायसी) |
| ३ | ८४१५१००० | एयर कन्डिसनर ( घरायसी) |
| ४ | ८४५०११०० देखि ८४५०२००० सम्म | वासीड. मेसीन (घरायसी) |
| ५ | ८५१६५००० | माईक्रोवेभ ओभन |
| ६ | २२०२१००० देखि २२०२९०० सम्म | सवै प्रकारको ईनर्जी ड्रिंक्स |
| ७ | २५१५११००, २५१५१२००, २५१६११००, २५१६१२००, ६९०७१०००, ६९०७९०००, ६९०८१०००, ६९०८९०००, | मार्वल, ग्रेनाईटस र टायल्सहरु |
| ८ | ८५१६६००० | कुकिड. रेन्ज |
| ९ | ८४१४६०००, ८४१४८००० | चिम्नी (भान्सामा प्रयोग हुने) |
| १० | ८५२५८००० | डिजिटल क्यामराहरु |
| ११ | ८५२५८००० | भिडियो क्यामराहरु |
| १२ | भाग ८७ अन्तरगत पैठारी हुने | सवारी तथा ढुवानीका साधनहरु |

(१७) सधैं निश्चित तौलमा प्याकिङ्ग हुने प्रकृतिका मालवस्तुहरुको प्याकिङ्ग लिष्ट, विजक तथा घोषणा परिमाण र सो अनुसारको परिमाण र मूल्य भिड्छ, भिड्दैन ?

८. <u>**पुनरावेदन सम्बन्धी व्यवस्था:**</u>

दफा ३ को उपदफा (५) वमोजिम प्राप्त सूचनामा चित्त नवुझ्ने व्यक्तिले ऐनको दफा ६२ वमोजिम राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्नेछ ।

## भन्सार ऐन २०६४ को दफा ६२

६२. **पुनरावेदन :**

(१) दफा १३ वमोजिमको निर्णय वा आदेशबाहेक यस ऐनवमोजिम भन्सार अधिकृत वा अन्य कर्मचारीले निर्धारण गरेको भन्सार महसुल वा भन्सार अधिकृतले दिएको दण्ड सजायको आदेश वा गरेको निर्णय वा दफा ६१ बमोजिम गठित मूल्याङ्कन पुनरावलोकन समितिले गरेको निर्णयउपर चित्त नवुझ्ने व्यक्तिले त्यसरी भन्सार महसुल निर्धारण भएको वा दण्ड सजाय दिएको वा निर्णय भएको मितिले पैंतीस दिनभित्र राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्नेछ ।

(२) उपदफा (१) को बमोजिम पुनरावेदन दिने व्यक्तिले जुन निर्णय वा आदेशका बिरुद्ध पुनरावेदन गर्ने हो सो निर्णय वा आदेशबमोजिम लाग्ने महसुल र दण्ड जरिवानाको रकम सम्वन्धित भन्सार कार्यालय वा भन्सार जाँचपास परीक्षण कार्यलयमा बुझाई वा धरौटी राखी पुनरावेदन गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम पुनरावेदन दिने व्यक्तिले पुनरावेदन दिएको सात दिनभित्र त्यस्तो पुनरावेदनको प्रतिलिपि सम्बन्धित भन्सार कार्यालय वा भन्सार जाँचपास परीक्षण कार्यालयमा दिनु पर्नेछ ।

(४) दफा ६१ बमोजिम गठित मूल्याङ्कन पुनरावलोकन समितिले गरेको निर्णयमा चित्त नबुझेमा भन्सार अधिकृतले त्यस्तो निर्णय भएको पैंतीस दिनभित्र राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्नेछ ।

(५) दफा ६१क. बमोजिम महानिर्देशकले गरेको वर्गीकरण वा पुनरावलोकनको निर्णयमा चित्त नवुझ्ने व्यक्तिले सो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्नेछ ।

९. **अन्य कारवाहिमा बाधा नपर्ने** : यस निर्देशिका बमोजिम पुनरावलोकन भएको कारणले त्यस्ता प्रज्ञापनपत्रहरुको सम्वन्धमा प्रचलित कानून बमोजिम हुन सक्ने अन्य काम कारवाहिमा वाधा पुऱ्याएको मानिने छैन ।

१०. **वाझिएमा हुने** : यस निर्देशिकामा उल्लेख भएका कुराहरु ऐन तथा नियमावलीसंग वाझिएमा ऐन तथा नियमावली अनुसार नै हुनेछ ।

११. **संशोधन र खारेजी** : यो निर्देशिकाको कुनै कुरा संशोधन वा खारेज गर्न आवश्यक ठानेमा महानिर्देशकले संशोधन गर्न वा खारेज गर्न सक्नेछ ।

# अनुसूची–१
## (दफा ३ को उपदफा (४) सँग सम्वन्धित)
## पुनरावलोकन अभिलेख

| प्रज्ञापनपत्रको मिति | पुनरावलोकन गरिएको मिति | पुनरावलोकन गरिएका जम्मा प्रज्ञापनपत्र संख्या | कैफियत नदेखिएका प्रज्ञापनपत्र संख्या | कैफियत देखिएका प्रज्ञापनपत्र संख्या (कैफियत तल उल्लेख गर्ने) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**कैफियत देखिएका प्रज्ञापनपत्र र थप महसुल सम्वन्धी विवरण**

| प्र.द.नं. र मिति | फर्मको नाम ठेगाना | स्थायी लेखा नं. | एजेन्ट नं. | मालवस्तुको नाम | वर्गीकरण उप-शीर्षक | मालवस्तु को परिमाण | मालवस्तुको मूल्य | कैफियतको विवरण | असुल गर्नुपर्ने थप राजस्व |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**पुनरावलोकन गर्ने**

................ ..................... ............................

सहायक कर्मचारी<br>नामः

भन्सार अधिकृत<br>नामः

प्रमुख भन्सार अधिकृत<br>नामः

**अनुसूची –२**
**छुट महसुल माग गर्ने पत्रको नमूना**
**(दफा ३ को उपदफा (५) संग सम्वन्धित)**

प.सं. मितिः
च.नं.

**श्री ....................**
**स्थायी लेखा नम्वर .....................**
**मार्फत**
**भन्सार एजेन्टः**
**एजेन्ट नं:**

विषयः- **छुट महसुल भुक्तानी गर्ने वारे ।**

यस कार्यालयको प्र.द.नं...............वाट मिति ....... मा तपाइले जाँचपास गराइ लैजानु भएको मालवस्तुको प्रज्ञापनपत्र पुनरावलोकन गर्दा तपसीलमा उल्लिखित विवरण अनुसारको महसुल रकम रु ............दाखिला हुन छुट भएको देखिएकोले उक्त रकम वुझाउन नपर्ने ठोस प्रमाण भए त्यस्तो प्रमाण र त्यस्तो प्रमाण नभए उक्त छुट महसुल रकम यो पत्र प्राप्त भएको मितिले १५ दिनभित्र यस कार्यालयमा दाखिला गर्नु होला । अन्यथा प्रचलित कानून बमोजिम हुने व्यहोरा जानकारी गराइन्छ ।

**तपसील**
(छुट महसुल निर्धारणको कारण सहितको .विवरण उल्लेख गर्ने)

....................
भन्सार अधिकृत